# कुशमा नगर कार्यपालिकाको कार्यालय
## कुशमा, पर्वत
### फोहरमैला व्यवस्थापन ऐन २०७५
### ***कसूर तथा सजाय सम्वन्धि व्यवस्था***

(क) **नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्नेलाई**: *पहिलो पटक भए ५ हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा ५ हजार देखि १० हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि १५ हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गरिने छ ।*

**(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्नेलाइ:** *५००/- देखि ५ हजार रुपैयाँसम्म*

**(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउनेलाई:** *१५ हजार देखि ५० हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सकिनेछ ।*

**(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्नेलाई**: *१५ हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरीवाना गरिने छ ।*

**(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्नेलाइ:** *१५ हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरीवाना गरिने छ ।*

**(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेलाई:** *५ हजारदेखि १५ हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।*

**(छ) घर,कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने थुपार्ने वा जलाउनेलाइ:** *५ हजार देखि १५ हजार रुपैयाँसम्म जरीवाना गरिने छ ।*

**(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा प्रदूषित गराउनेलाई** *५ हजार देखि १५ हजार रुपैयाँसम्म जरीवाना गरिने छ ।*

**(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गर्नेलाई** *५०० ँदेखि ५ हजार रुपैयाँसम्म जरिवाना गरिने छ ।*

**(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने जलाउने वा निष्काशन गर्नेलाई:** *३० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरीवाना गरिने छ ।*

(ट) **रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउनेलाई:** *५० हजार देखि १ लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउने छ ।*

(ठ) **औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउनेलाई:** *५० हजार देखि १ लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि लेखी पठाउन सक्नेछ ।*

(ड) **फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने :** *१० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिबाना वा १५ दिनदेखि ३ महिनासम्म कैद वा दुवै सजाय हुने छ ।*

(ढ) **फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्नेलाई:** *१० हजार देखि ५० हजार रुपैयाँ सम्म जरिबाना वा १५ दिनदेखि ३ महिनासम्म कैद वा दुवै सजाय हुने छ ।*

(ण) **फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्नेलाई** *फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ३९ को उपदफा १० वमोजिम कार्वाहीकोलागि प्रमुख जिल्ला अधिकारीको कार्यालयमा उजुरी दिने छ ।*

(त) **दफा ३३ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्नेलाई :** *५० हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी ए*

(थ) **स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी दफा ६ को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,** प्रत्येक पटक ५०० रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(द) **मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्नेलाई:** *१५ हजार देखि १६ हजार रुपैयाँसम्म जरीवाना हुने छ ।*

*सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।*

**ऐन नियमको पालना गरी सभ्य र सुसंस्कृत नागरीकको परिचय दिउँ**

**कुश्मा नगर कार्यपालिकाको कार्यालय, कुश्मा, पर्वत**